# अगुवा कृषक स्तरीय तालिम

यस तालिम कार्यक्रम अन्तर्गत आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिक अवधिमा २ वटा तालिम संचालन गरेको थियो । जसमा २८ जना पुरुष र १८ जना महिलाहरु गरी जम्मा ४६ जना अगुवा कृषकहरुको सहभागिता रहेका थिए ।

## व्यावसायिक तरकारी उत्पादन,नर्सरी व्यावस्थापन तथा व्यावसायिक योजना तयारी तालिम




यस तालिम कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारबाट फर्केका तथा अति बिपन्न वर्गका युवाहरुलाई लक्षित गरी २ हप्ते तालिम संचालन गरी २२ जना युवा कृषकहरुले तालिम प्राप्त गरेका थिए । उक्त तालिम मिति २०७४/०५/०४ देखि २०७४/०५/१६ गते सम्म पूर्वाञ्चलका १४ जिल्लाका युवा कृषकहरुको सहभागितामा सम्पन्न भएको थियो ।




उक्त तालिममा यस क्षेत्रीय कृषि तालिम केन्द्रका साथै यस केन्द्रको परिसरमा रहेका क्षेत्रीय वीउ विजन प्रयोगशाला, क्षेत्रीय माटो परिक्षण प्रयोगशाला, राष्ट्रिय वीउ विजन कम्पनी लगायत पूर्वाञ्चलका जिल्ला कृषि विकास कार्यालयहरु, फार्म केन्द्र तथा कृषि अनुसन्धान केन्द्रका वैज्ञानिक तथा विषय विशेषज्ञहरुबाट प्रशिक्षण गराईएको थियो । तालिम प्रवचन, प्रयोगात्मक, मस्तिस्क मन्थन, समूहगत कार्य, प्रस्तुतिकरण जस्ता व्यवहारिक कक्षाहरु संचालन गरिएको थियो । साथै तालिमलाई अझ बढी प्रभावकारी र व्यवहारिक वनाउनका लागि अवलोकन भ्रमण समेत गराईएको थियो ।

तालिमलाई बढी व्यावहारिक वनाउन कार्यालय परिसर भित्र नर्सरी व्याड तयारी, तरकारी संरक्षण सम्बन्धि आचार, मसौरा आदि बनाउने, मोहनी पासोको प्रयोग, जैविक विषादीको प्रयोग र नतिजा अवलोकन जस्ता व्यावहारिक अभ्यास गराई तालिम संचालन गराईएको थियो । त्यस्तै तालिम कोठामा विभिन्न विषयमा व्यक्तिगत तथा समूहगत अभ्यासका साथै सहभागीहरुको सक्रियता कायम राख्नका लागि विभिन्न किसिमका विषयवस्तु र प्रसंग मिल्ने किसिमका समूह गतिशिलता खेलहरु समावेश गरिएको थियो ।

यस तालिममा संयोजकको भूमिका यस तालिम केन्द्रका प्राविधिक सहायक श्री नरेश कुमार साहज्यूले निर्वाह गर्नु भएको थियो ।

तालिम कार्यक्रमको उद्‌घाटन गर्नु हुँदै यस तालिम केन्द्रका निमित्त प्रमुख तालिम अधिकृत श्री बौवालाल चौधरीज्यूले यस तालिमको अवधारणा, उदेश्य, जिम्मेवारी र भूमिका माथि प्रकाश पार्नु भएको थियो भने तालिम संयोजकले तालिममा समावेश हुने विषयवस्तु लगायत तालिम अवधिमा सहभागीहरुले पाउने सेवा सुविधा र पालन गर्नु पर्ने नियमहरुको वारेमा प्रकाश पार्नु भएको थियो ।

तालिम समापनका अवसरमा सहभागीहरुले तालिम अवधिभर सिकेका ज्ञान र सीपलाई आफ्नो खेतवारीमा उतार्ने तथा सिकाईका क्रममा सिकेका ज्ञान, सीप र प्रविधि स्थानिय स्तरका कृषकहरुमा प्रचार प्रसारका माध्यमबाट सेवा प्रवाह गर्नुका साथै स्वदेशमै रही कृषि कार्यमा लाग्ने प्रतिवद्धता जाहेर गरेका थिए । तालिम समापनको कार्यक्रममा यस तालिम केन्द्रका कृ.प्र.ता.अ.श्री धिरेन्द्र मिश्र तथा बा.बि.ता.अ.श्री गणेश पोखरेलज्यूले संयुक्त रुपमा सहभागीहरुलाई प्रमाण-पत्र वितरण गर्दै तालिममा सिकेका ज्ञान, सीप र प्रविधिलाई व्यवहारमा उतारी कृषि पेशालाई आम्दानीको श्रोतको माध्यम वनाई जीविकोपार्जनमा सुधार गर्नुको साथै आफनो गाँउ ठाँउमा कृषि प्रसार सेवा नियमित रुपमा गरी सेवा गर्नु पर्ने मनतव्य राख्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

## व्यावसायिक च्याउ खेती प्रविधि तालिम




यस तालिम केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिक अवधिमा यस तालिम केन्द्रका कृषि प्रसार तालिम अधिकृत श्री धिरेन्द्र मिश्रज्यूको संयोजकत्वमा मिति २०७४/०५/१८ देखि २०७४/०५/२३ गते सम्म अगुवा कृषक स्तरीय व्यवसायिक च्याउ खेती प्रविधि विषयक तालिम (६ कार्य दिन) संचालन गरियो । यस क्षेत्रका कृषकहरुको व्यवसायिक क्षमता अभिबृद्धि गराउन सक्षम बनाउने तथा गुणस्तरीय च्याउ उत्पादन गर्ने उद्देश्यले संचालित उक्त तालिममा यस क्षेत्रका १६ जिल्लाका अगुवा कृषकहरुको सहभागिता रहेका थिए । चौमासिक लक्ष्य अनुसार २५ अगुवा कृषकहरुलाई तालिममा सहभागी गराई कार्य सम्पन्न गराउनु पर्नेमा बिचमा १ जना सहभागीले तालिम छाडेर गए पछि २४ जना अगुवा कृषकहरुको मात्र सहभागिता रहेका थिए । उक्त तालिममा यस तालिम केन्द्रका प्रशिक्षक वाहेक जि.कृ.बि.का.मोरङ्गका प्रा.स. श्री रामदेव सिंहज्यूको सहभागितामा प्रशिक्षण गराईएको थियो ।

तालिमको उद्‌घाटन यस तालिम केन्द्रका नि.प्रमुख तालिम अधिकृत श्री बौवालाल चौधरीज्यूले गर्नु हुदै कृषि क्षेत्रमा च्याउको महत्व, अवसर र फाईदाको वारेमा प्रकाश पार्दै आ-आफ्ना कार्य क्षेत्रमा गई सम्भाव्यतालाई मध्यनजर गर्दै अन्य कृषकहरुलाई पनि यसको जानकारी गराई च्याउ खेतीमा लाग्न आग्रह गर्नु भएको थियो ।

तालिमको समापन यस तालिम केन्द्रका नि.प्रमुख तालिम अधिकृत श्री बौवालाल चौधरीज्यूले तालिमका सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्नु हुँदै तालिममा सिकेका ज्ञान र सीपलाई व्यवहारमा उतार्न आग्रह गर्नु भएको थियो ।

## प्रा.स./ना.प्रा.स. स्तर तालिम

यस तालिम कार्यक्रम अन्तर्गत आ.व. २०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रथम चौमासिक अवधिमा १ वटा प्रा.स./ना.प्रा.स.स्तर तालिम संचालन गरेको थियो । जसमा कुल २५ जना सहभागीहरु मध्ये १७ जना पुरुष र ८ जना महिला रहेका थिए ।





## जलवायु परिवर्तन, अनुकूलन तथा कृषि बीमा

यस तालिम केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिक अवधिमा मिति २०७४/०५/२५ देखि २०७४/०५/३० सम्म प्रा.स./ ना.प्रा.स. स्तरीय जलवायु परिवर्तन, अनुकूलन तथा कृषि बीमा विषयक तालिम (६ कार्य दिन) संचालन गरियो । अहिलेको चुनौतीको रुपमा देखा परेको जलवायु परिवर्तन र कृषि बीमा सम्बन्धि क्षमता अभिबृद्धि गराउन सक्षम बनाउने उदेश्यले संचालित उक्त तालिममा यस क्षेत्रका १६ जिल्ला मध्ये सोलुखुम्बु र सप्तरी बाहेक १४ जिल्लाका सहभागीहरुको सहभागिता रहेको थियो । लक्ष्य अनुसार २५ जना प्रा.स./ ना.प्रा.स.हरुलाई तालिममा सहभागी गराई तालिम सम्पन्न गरेको थियो । उक्त तालिममा यस तालिम केन्द्रका प्रशिक्षक लागायत क्षेत्रीय बन तालिम केन्द्र, बिराटनगर, मोरंगका प्रशिक्षक श्री पूर्णेश्वर सुवेदी तथा क्षेत्रीय कृषि निर्देशनालय, बिराटनगरका बरिष्ठ योजना अधिकृत श्री बद्री प्रसाद दहाल, जि.कृ.वि.का., झापाका कृ.प्र.अ. श्री रोशन मेहता, क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहराका वैज्ञानिक श्री किशोर भण्डारीको सहभागितामा प्रशिक्षण गराईएको थियो ।

तालिमको उद्‌घाटन यस तालिम केन्द्रका नि.प्रमुख तालिम अधिकृत श्री बौवालाल चौधरीज्यूले गर्नु हुदै कृषि क्षेत्रमा कृषि क्षेत्रमा जलवायु परिवर्तनका प्रभाव तथा अनुकूलन र कृषि बीमा बारेमा प्रकाश पार्दै आ-आफ्ना कार्य क्षेत्रमा गई कृषकहरुमा जागरुकता जनाउन अग्रह गर्नु भएको थियो ।

तालिमको समापन यस तालिम केन्द्रका नि.प्रमुख तालिम अधिकृत श्री बौवालाल चौधरीज्यूले तालिमका सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्नु हुँदै तालिममा सिकेका ज्ञान र सीपलाई व्यवहारमा उतार्न आग्रह गर्नु भएको थियो ।

## पाठ्यक्रम परिमार्जन बैठक सम्पन्न

यस तालिम केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिक अवधिमा मिति २०७४/०५/१८ गतेका दिन क्षेत्रीय कृषि निर्देशनालय बिराटनगरका क्षेत्रीय कृषि निर्देशक श्री हस्त बहादुर बिष्टज्यूको अध्यक्षतामा पाठ्यक्रम बैठक सम्पन्न भएको थियो । बैठकमा आ.व. २०७४/२०७५ को प्रथम चौमासिकमा संचालन हुने कृषक स्तर तथा प्रा.स./ना.प्रा.स स्तरको बिभिन्न तालिमहरुको बिषय बस्तुमा केन्द्रित रही पाठ्क्रम तयार गरीएको थियो । उक्त बैठकमा क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहरा, क्षेत्रीय पशु सेवा तालिम केन्द्र, दुहवी, जिल्ला कृषि विकास कार्यालय तथा अन्य कार्यालयको प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## कृषि प्रविधि केन्द्रमा प्रदर्शन कार्यक्रम संचालन

गत आ.व. २०७३/२०७४ मा स्थापना गरिएको नमूना प्रविधि प्रदर्शन कार्यक्रमलाई निरन्तरता दिन यस आ.व.मा पनि कृषि प्रविधि केन्द्रमा प्रदर्शन कार्यक्रम संचालन गरिएको थियो । प्रदशर्न कार्यक्रम अन्तर्गत भर्मि-कम्पोष्टिङ्ग, मौरी घार, च्याउ उत्पादन प्रदर्शन तथा बेमौसमी तरकारी खेती जस्ता कार्यक्रमलाई निरन्तरता दिईएको थियो । यसबाट व्यवहारिक तालिम सञ्चालन गर्नमा सहयोग पुगेको छ ।





## साझेदारीमा संचालित कार्यक्रमहरु

वर्ल्ड भिजनको सहयोगमा युथ क्रियएसनको संयोजकत्वमा क्षेत्रीय कृषि तालिम केन्द्र, झुम्का, सुनसरीको सहकार्यमा सुनसरी जिल्लाको मधेली, एकाम्बा, रामधुनी-२, मधेसामा २ दिने तरकारी उत्पादन सम्बन्धी तालिम सम्पन्न भएको छ । यस तालिममा बिशेष गरी महिला, जनजाती तथा पिछडिएका क्षेत्रका कृषकहरुलाई सहभागी गराई व्यवस ायिक तरकारी खेतीमा जोड दिई तालिम सम्पन्न गरिएको थियो ।





## कार्यालय सरसफाई

यस कार्यालयका सम्पूर्ण कर्मचारीहरुको संलग्नतामा प्रत्येक हप्ताको शुक्रबारका दिन कार्यालय परिसर वरिपरी सरसफाई कार्यक्रम संचालन हुने गरेको छ । जसमा फूलको गोडमेल, सिंचाई गर्ने देखि कार्यालयका चौर, छात्रावास भवन, क्याटिन तथा कर्मचारी आवास वरिपरी सरसफाई गर्ने कार्य हुने गरेको छ ।



## विदाई कार्यक्रम

यस तालिम केन्द्रमा कार्यरत रहेका बाली विकास तालिम अधिकृत श्री गणेश प्रसाद पोखरेल उमेर हद ५८ वर्ष पूरा भई मिति २०७४/०७/२१ गते देखि निजामति सेवाबाट अनिवार्य अवकाश हुनु भयो । उहाँ निजामति सेवा अन्तर्गत ना.प्रा.स. पदबाट कृषि सेवामा प्रवेश गर्नु भएको थियो । उहाँलाई यस तालिम केन्द्रको सभाहलमा यहाँका कर्मचारीहरुले फूलमाला र अविरको टीका लगाई निवृत्त जीवन सुखमय होस् भनी शुभकामना सहित विदाई गरिएको थियो । सो विदाई कार्यक्रममा यस तालिम केन्द्रका निमित्त प्रमुख तालिम अधिकृत श्री बौवालाल चौधरीले उहाँले कृषि सेवामा पुऱ्याउनु भएको योगदनको प्रशंसा गर्नु हुँदै दोसल्ला ओढाई सम्मान-पत्र प्रदान गरेर विदाई गर्नु भयो ।



| पठाउने | पाउने |
|---|---|
| **क्षेत्रीय कृषि तालिम केन्द्र** | ................................................................. |
| **झुम्का, सुनसरी** | ......................................................... |
| **फोन नं.:०२५-५६२०२२** | ................................................. |
| **फ्याक्स : ०२५-५६२००४** | ............................................. |
| **इमेल**:ratcjhumka@gmail.com | ....................................... |
| **वेभसाईट**:www.ratcjhumka.gov.np | ................................ |